# कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो वर्ष**
**पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक**
**आवश्यकता पूरा गर्नका लागि प्रस्तुत**
**शोध–प्रतिवेदन**


शोधकर्ता
शेर सिंह कार्की
परीक्षा रोल नं. :– २८०१२४/०६६
त्रि.वि. दर्ता नं.:– ९–२–६०–२०–२०००



त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)
कीर्तिपुर काठमाडौं
२०६७



कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था
- शेर सिंह कार्की
२०६७

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र शेर सिंह कार्कीले "कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था" शीर्षक शोधप्रतिवेदन मेरो निर्देशनमा लेखन कार्य पुरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................

सह-प्रा. नारायण बस्नेत

(शोध निर्देशक)

मिति : २०६७/११/२९

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र शेर सिंह कार्कीले "कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था" शोधशीर्षकमा शोधप्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतको लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा स्वीकृति गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| ................................... | ............................ |
| सह. प्रा. नारायण बस्नेत<br>(विभागीय प्रमुख तथा शोधनिर्देशक) | |
| उप. प्रा किरणराम रञ्जितकार<br>(बाह्य निरीक्षक) | ............................ |
| शिवराज बढू<br>(बाह्य निरीक्षक) | ............................ |

मिति : २०६७/११/२९

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि "कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था" शीर्षकमा शोधपत्र लेख्ने कार्य सम्पन्न गरी प्रस्तुत गरेको छु ।

यस शोधपत्र अध्ययन कार्यको सुरुदेखि अन्त्यसम्म नियमित निर्देशन र महत्त्वपूर्ण सुझावहरू दिई पथ प्रर्दशन गर्नुहुने शोधपत्र निर्देशक शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभागका विभागीय प्रमुख सह.प्रा. श्री नारायण बस्नेत ज्यूप्रति हृदयदेखि आभार प्रकट गर्दछु, त्यसैरी उप.प्रा. किरणराम रञ्जितकार, उप.प्रा. शिवराज वढू, उप.प्रा.यशोधरा पन्त र उप.प्रा.विश्ववाला थापाज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा सहयोग पुऱ्याउने काभ्रे जिल्ला, बनेपा नगरपालिका नमूना छनोटमा परेका ४ वटै विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समिति तथा सम्पूर्ण विद्यालय परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यसैगरी यस शोधपत्र तयार गर्दासम्म मलाई सदैब हरेक तवरबाट सहयोग पुऱ्याउनु हुने मेरा श्रदेय आमाबुबा श्री दशरथ सिंह कार्की र कलशा कार्की ज्यूप्रति हृदयदेखि आभार प्रकट गर्दछु । उच्च शिक्षा अध्ययनका क्रममा महत्त्वपूर्ण सहयोग गर्ने मेरो जीवनसंगीनी लिला कार्की तथा छोरा प्रविन प्रति पनि हार्दिक आभार प्रकट नगरी रहन सक्दिन ।

अन्तमा शोधपत्र टङ्कन गरी सहयोग पुऱ्याउने सुनेश श्रेष्ठलाई पनि धन्यवाद दिन चाहन्छु ।

शेर सिंह कार्की

# शोधसार


वर्तमान परिवेशमा शिक्षा क्षेत्रमा सरकारी तवरबाट अधिक खर्च गरिए तापनि अपेक्षित रूपमा शैक्षिक उपलब्धि हात पर्न सकेको देखिँदैन । मानव जीवनको भविष्य निर्धारण तथा मानिसले भविष्यमा के बन्ने तथा कुन लक्ष्य लिएर जीवन अगाडी बढाउने भन्ने कुरा विद्यालय तह देखिनै निर्धारण हुन्छ । यसरी विद्यार्थीको पढाइ स्तरमा सुधार गर्ने विभिन्न तत्त्वहरू मध्ये कक्षा अनुशासन पनि एक महत्त्वपूर्ण तत्त्व हो । प्रस्तुत अध्ययन शीर्षक "कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था" काभ्रे जिल्ला बनेपा नगरपालिका वार्ड नं. ५ र ६ मा पर्ने शिक्षा सदन उच्च मा.वि., चैतन्य मा.वि., हिमालय उच्च मा.वि. र आजाद उच्च मा.वि. का तीनै तह कक्षा ५, ८ र ९ मा विद्यार्थी तथा शिक्षकहरूमा सिमित रहेको थियो । प्रस्तुत अध्ययनका उद्देश्यहरू कक्षाकोठामा अनुशासनको स्थिति पहिचान गर्न कक्षा अनुशासनले विद्यार्थीहरूको पठनपाठनमा पारेको प्रभाव पत्ता लगाउन तथा कक्षा अनुशासन कायम गर्दा आइपरेका समस्या र अपनाइएका समाधानका उपायहरू पहिचान गर्नमा केन्द्रित रहेको थियो ।

कक्षा अनुशासनको स्थिति हेर्दा विद्यार्थीहरूमा देखिएका व्यवहारमा असल व्यवहार गर्ने विद्यार्थीहरूले घरपरिवारमा आमा बुबाको आज्ञापालना गरेको पाइयो भने अस्वीकृत व्यवहार गर्ने विद्यार्थी आमाबाबुले भनेको नमान्ने दिनभरि डुलेर खाना खान मात्र घर जाने गरेको पाइयो, अनुशासति विद्यार्थीहरूले कक्षाकोठा सफा सुघ्घर राख्नु पर्ने, शिक्षकको आज्ञापालना गर्नु पर्ने, खेल खेल्दा नियमहरूको पालना गर्नुपर्ने जस्ता कुराहरू पाइए भने गैर अनुशासित विद्यार्थीहरूले यसको ठिक विपरित गर्ने गरेको पाइयो । त्यस्तै अनुशासित शिक्षकहरूमा समयमा नियमित रूपमा कक्षामा उपस्थित हुने पाठको प्रकृति र आफ्नो विषयवस्तुमा दक्ष, जान्ने नजान्ने विद्यार्थीहरूसँग समान व्यवहार राख्ने गर्दछन् भने गैर अनुशासित शिक्षकहरू यसको ठिक विपरित गर्दछन् । विद्यार्थीहरूको संख्यात्मक स्थितिलाई तथा विद्यालयको कक्षा अवलाकेन तथा शिक्षकका अनुसार कक्षाकोठामा केटाहरूभन्दा केटिहरू बढी अनुशासित देखिए । त्यस्तै गैर अनुशासित शिक्षकहरूभन्दा अनुशासित शिक्षकहरूले गरेको शिक्षण सिकाइ प्रभावकारी देखियो । कक्षा अनुशासन सुदृढ रूपमा संचालन गर्न शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थीबीचको सम्बन्ध कक्षाका हरेक क्रियाकलापमा शिक्षक-विद्यार्थी सक्रियताले महत्त्वपूर्ण भूमिका निभाएको पाइयो । कक्षाकोठामा कक्षा अनुशासन संख्यात्मक रूपमा राम्रो देखिए पनि सानो संख्याका गैर अनुशासित शिक्षक तथा विद्यार्थीका कारण असल शिक्षक तथा विद्यार्थीको कक्षा कार्यमा वाधा पारेको देखियो ।

शिक्षक तथा विद्यार्थीका अस्वीकृत व्यवहार कम गर्न गरिएका प्रयासहरू तथा कक्षा अनुशासन कायम गर्न विद्यार्थी प्रोत्साहन तथा दण्ड, शिक्षक विद्यार्थी बीचको सम्बन्ध सुधार विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा सहभागी, शिक्षक विद्यार्थी नियमितता तथा

आचारसंहिताको निर्माण र प्रयोग तथा कार्यान्वयन, अनुशासित विद्यार्थीलाई पुरस्कार, प्रमाण र छात्रवृत्ति प्रदान गरिनु पर्ने देखियो । साथै कक्षा अनुशासन समूचित ढंगले चलाउन तथा शैक्षिक उपलब्धि हासिल गर्नु प्र.अ., अभिभावक तथा वि.व्य.स.द्वारा समय समयमा कक्षा अनुगमन गरी शिक्षक तथा विद्यार्थीलाई सल्लाह सुझाव दिनु पर्ने देखियो ।

कक्षाकोठामा शिक्षक तथा विद्यार्थीमा देखिएका व्यवहारको आधारमा उनीहरूमा राम्रा व्यवहारलाई अझ राम्रो र नराम्रा व्यवहारहरूलाई राम्रा व्यवहारमा रूपान्तरण गर्नु निम्न क्रियाकलापहरू गर्नु पर्ने देखिन्छ । शिक्षक विद्यार्थी बीचको सम्बन्ध हरेक गुरु चेलाको जस्तो हुनुपर्ने, अनुशासित शिक्षक तथा विद्यार्थीलाई प्रमापत्र तथा पुरस्कार वार्षिक सिकाइ उपलब्धिको घोषणसँगै अभिभावक तथा प्रधानाध्यापकबाट प्रदान गरिनु पर्ने, सरकारी तवरबाट पनि अनुशासन तथा नैतिक शिक्षासम्बन्धी नीतिनियम, शिक्षक तथा विद्यार्थी आचारसंहिताको पालना तथा कार्यान्वयन र विद्यालय निरीक्षण तथा अनुगमन गरिनु पर्ने साथै अभिभावकहरूले पनि आफ्ना छोराछोरीको शैक्षिक उपलब्धि समय समयम हेरी शिक्षक तथा प्र.अ.हरूसँग अनुशासनलाई अझै उचाइमा पुऱ्याउन तथा, कक्षा, अनुशासन कायम गरी विद्यार्थीको भविष्य उज्जवल गर्न सहयोग हुने देखिन्छ ।

# विषयसूची

**सिफारिस पत्र** I

**स्वीकृत पत्र** II

**कृतज्ञताज्ञापन** III

**शोधसार** IV

**विषयसूची** V

**तालिका सूची** IX

**परिच्छेद-एक**

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ अध्ययनको क्षेत्र ४

१.३ समस्याको कथन ५

१.४ अनुसन्धानात्मक प्रश्नहरू ५

१.५ अध्ययनको औचित्य ६

१.६ अध्ययनको उद्देश्य ८

१.७ अध्ययनको सीमाङ्कन ८

१.८ विशिष्ट शब्दावलीको परिभाषा ८

**परिच्छेद-दुई**

**सम्बन्धित साहित्यको अध्ययन**

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन ९

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन ११

२.३ अवधारणात्मक ढाँचा १३

**परिच्छेद तीन**

**अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा १६

३.२ नमुना छनोट प्रक्रिया १६

३.२.१ क्षेत्र छनोट १७

३.२.२ विद्यालय छनोट १७
३.२.३ विद्यार्थी छनोट १७
३.२.४ प्र.अ. तथा शिक्षकहरूको छनोट १७
३.२.५ अभिभावक र विद्यालय व्यवस्थापन समितिको छनोट १७
३.३ अध्ययनका साधनहरूको निर्माण १७
३.३.१ विद्यार्थी, प्र.अ. तथा अभिभावक अन्तर्वार्ता प्रश्नावली १७
३.३.२ शिक्षक तथा वि.व्य.स. अध्यक्षका लागि खुल्ला प्रश्नावली १८
३.३.३ कक्षा अवलोकन फाराम १८
३.३.४ विद्यार्थीका लागि लक्षित समूह छलफल १८
३.४ सूचना संकलन प्रक्रिया १८
३.५ सूचनाको विश्लेषण प्रक्रिया १९

**परिच्छेद-चार**

**सूचनाहरूको विश्लेषण र व्याख्या**

४.१ कक्षाकोठामा अनुशासनको स्थिति २०
४.१.१ शिक्षक तथा विद्यार्थीका व्यवहार छुट्याउने आधारहरू २१
४.१.२ अवस्थाअनुसार शिक्षक तथा विद्यार्थीहरूमा हुनुपर्ने व्यवहारहरू २१
४.१.३ कक्षाकोठाभित्र विद्यार्थीहरूमा देखिएका व्यवहारहरू २३
४.१.३.१ व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति २५
४.१.४ व्यवहारमा देखिएका भिन्नता र तिनका कारणहरू ३१
४.२ कक्षा अनुशासनले विद्यार्थीहरूको पठन पाठनमा पारेको प्रभाव ३२
४.२.१ शिक्षण सिकाई क्रियाकलाप ३२
४.५.२ विद्यार्थी शिक्षकबीचको सम्बन्ध ३४
४.२.३ शिक्षक प्रति विद्यार्थीको धारणा ३४
४.२.४ विद्यार्थी सक्रियता ३५
४.२.५ विद्यार्थीका व्यक्तिगत अवस्थाहरू ३५
४.३ अनुशासन कायम गर्दा आइ परेका समस्याहरू ३७
४.३.१ कक्षा छोड्ने समस्या ३७
४.३.२ शिक्षणका क्रममा देखिएका समस्या ३८
४.३.३ मूल्याङ्कन प्रक्रिया र गृहकार्य ३९

४.३.४ पूर्वाग्रह ३९

४.३.५ आर्थिक समस्या ३९

४.३.६ दैनिक अभिलेखको समस्या ४०

४.३.७ शिक्षक तथा विद्यार्थी आचार संहिताको पालना ४०

४.४ अनुशासन कायम गर्न अपनाइएका उपायहरू ४०

४.४.१ विद्यार्थीलाई प्रोत्साहन तथा दण्ड सजाय ४१

४.४.२ शिक्षक विद्यार्थीबीचको सम्बन्ध ४१

४.४.३ अतिरिक्त क्रियाकलाप ४२

४.४.४ शिक्षक तथा विद्यार्थी नियमितता आचार संहिताको निर्माण र प्रयोग ४२

४.४.५ अनुगमन ४३

**परिच्छेद-पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरू**

५.१ प्राप्ति ४४

५.२ निष्कर्ष ४६

५.३ सुझावहरू ४७

**सन्दर्भग्रन्थ सूची**

**अनुसूची**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं.४.१ : | कक्षाकोठाभित्र शिक्षक तथा विद्यार्थीका व्यवहारका किसिमहरू | २३ |
| तालिका नं. ४.२ : | कक्षाकोठाभित्र विद्यार्थीहरूमा देखिएका व्यवहारहरू | २४ |
| तालिका नं. ४.३ : | व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति | २५ |
| तालिका नं. ४.४ : | व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति | ३७ |
| तालिका नं. ४.५ : | व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति | २८ |
| तालिका नं. ४.६ : | व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति | ३० |
| तालिका नं. ४.७ : | अनुशासन कायम गराउने तरिका | ३३ |
| तालिका नं. ४.८ : | शिक्षणका क्रममा देखिएका समस्याहरू | ३८ |